# सूचना ! सूचना ! ! सूचना ! ! !

## आन्तरिक राजस्व कार्यालय भद्रपुर, झापा

जिन्सी सामानहरू लिलाम बिक्री सम्बन्धी

**सिलबन्दी बोलपत्र आव्हानको सूचना**

**(सूचना प्रकाशित मिति २०८१/१०/०४)**

यस कार्यालयबाट जफत गरिएका सवारी साधन र कार्यालयका पुराना जिन्सी सामानहरू लिलाम बिक्री सम्बन्धी कार्य गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ बमोजिम लिलाम गर्न सोही नियमावलीको नियम १०८ बमोजिम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८१/१०/१०) लिलाम बिक्रीका लागि रु.१०००।०० (अक्षेरुपी एक हजार मात्र) फाराम दस्तुर तिरी (फिर्ता नहुने) रीतपूर्वक निबेदन सहित निकायको हकमा नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर/आयकरमा दर्ता भएको प्रमाणपत्र, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा रीतपूर्वक निवेदन सहित नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि बुझाएर बोलपत्र खरिद गर्न सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ।

| विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति | फाराम खोलिने मिति |
|---|---|---|---|---|
| जफत गरिएका सवारी साधन र पुराना जिन्सी सामानहरू लिलाम बिक्री सम्बन्धी कार्य | रु.१०००।०० | २०८१ माघ १० गते सम्म (कार्यालय समय भित्र) | २०८१ माघ ११ गते (दिनको १२:०० बजे सम्म) | २०८१ माघ ११ गते (दिनको १:०० बजे पछि) |

प्रमुख कर अधिकृत

# आन्तरिक राजस्व कार्यालय भद्रपुर, झापा

## पुराना जिन्सी सामानहरू लिलाम बिक्री सम्बन्धी

## सिलबन्दी दरभाउपत्र सम्बन्धी सूचना

(सूचना प्रकाशित मिति २०८१/१०/०४)

यस कार्यालयबाट जफत गरिएका सवारी साधन र कार्यालयका पुराना जिन्सी सामानहरू लिलाम बिक्री सम्बन्धी कार्य गर्नु पर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीबाट आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम १०६ बमोजिम लिलाम गर्न सोही नियमावलीको नियम १०८ बमोजिम यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र (मिति २०८१/१०/१०) लिलाम बिक्रीका लागि रु.१०००।०० (एक हजार मात्र) फाराम दस्तुर तिरी (फिर्ता नहुने) रीतपूर्वक निवेदन सहित निकायको हकमा नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर/आयकरमा दर्ता भएको प्रमाणपत्र, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा व्यक्तिको हकमा रीतपूर्वक निवेदन सहित नेपाली नागरिकता प्रमाणपत्रको प्रतिलिपि बुझाएर बोलपत्र खरिद गर्न सूचना प्रकाशित गरिएको छ । यस सम्बन्धी विस्तृत जानकारीको लागि कार्यालयमा सम्पर्क राख्न हुन अनुरोध छ ।

| विवरण | फाराम दस्तुर | फाराम खरिद गर्ने अन्तिम मिति | फाराम बुझाउने अन्तिम मिति | फाराम खोलिने मिति |
|---|---|---|---|---|
| जफत गरिएका सवारी साधन र पुराना जिन्सी सामानहरू लिलाम बिक्री सम्बन्धी कार्य | रु.१०००।०० | २०८१ माघ १० गते सम्म (कार्यालय समय भित्र) | २०८१ माघ ११ गते (दिनको १२:०० बजे सम्म) | २०८१ माघ ११ गते (दिनको १:०० बजे पछि) |

### तपसिल

| सि नं. | सामानको विवरण | परिमाण | न्युनतम मूल्य (मू.अ. कर बाहेक) | कैफियत |
|---|---|---|---|---|
| १. | कम्पनीको नामः- मारुती सुजुकी इ.लि. सवारीको मोडेलः- Omni Van<br>च्यासिस नं.- MA3EVB11S01430401 मारुती भेनः-मे.१ ज ३३५१<br>इन्जिन नं. F8BIN4584938 उत्पादन बर्ष- २०१२ | १ थान | २७०००.०० | दर्ता नहुने |
| २. | कम्पनीको नामः- स्कर्ट मो.क.लि. सवारीको मोडेलः- YBX-1999<br>च्यासिस नं.- 9964L9035956 मोटर साईकल नं.-मे.१ ब.७२<br>इन्जिन नं. 4L5035956 उत्पादन बर्ष-१९९९ | १ थान | ४५००.०० | दर्ता नहुने |
| ३. | कम्पनीको नामः- हिरो होण्डा सवारीको मोडेलः-<br>च्यासिस नं.- 01F20C10483 मोटर साईकल नं.- मे.१ ब९२<br>इन्जिन नं. 01F18M17160 उत्पादन बर्ष-२००१ | १ थान | ४०००.०० | दर्ता नहुने |
| ५. | डेक्सटप कम्प्युटर | ५ | १०००.०० | |
| ६. | मोनिटर | ४ | ४००.०० | |
| ७. | प्रिन्टर | ५ | ५००.०० | |
| ८. | साईकल | २ | १०००.०० | |
| १०. | रिवल्वीङ्ग चियर | १९ | ६६८८.०० | |
| ११. | कुर्सी | १८ | १५०६.०० | |
| १२. | अन्य फर्निचर सोकेस) | ४ | ३७५.०० | |
| १३. | खाट पलङ लोवेड | ५ | २२५०.०० | |
| १४. | दराज | ६ | २९७०.०० | |

| | | | | |
|---|---|---|---|---|
| १५. | सोफासेट | २ | ४५०.०० | |
| १६. | टि टेवल | ४ | १२०.०० | |
| १७. | टेवल | ३ | ६२०.०० | |
| १८. | न्याग | ६० | ३३९००.०० | |
| १९. | कम्प्युटर टेवल | ५ | ७५०.०० | |
| २०. | टेवल फेन | २ | २००.०० | |
| २१. | सिलिङ्ग फेन | १६ | २४००.०० | |
| २२. | ल्यापटप | ६ | १२००.०० | |
| २३. | फ्याक्स | ४ | ४००.०० | |
| २४. | स्क्यानर | २ | २००.०० | |
| २५. | भ्याकुम क्लिनर | १ | १५०.०० | |
| २६. | टेलिफोन सेट | ३ | ३००.०० | |
| २७. | स्याण्ड फेन | ६ | १२००.०० | |
| २८. | वाल फेन | ५ | ५००.०० | |
| २९. | माइक्रो ओभेन | १ | १५०.०० | |
| ३०. | माइक्रो वेभ | १ | १५०.०० | |
| ३१. | ब्याट्री | ८ | २१२००.०० | |
| ३२. | यु.एस.पि. | २ | ४००.०० | |
| | | **जम्मा** | १,१६,४७९.०० | |

**शर्तहरुः-**

१. फर्म/कम्पनीहरुले बोलपत्र सम्बन्धी कागजातहरू खरिद गर्न रीतपूर्वक निवेदन सहित नेपाल सरकारको सम्बन्धित निकायमा दर्ता भएको प्रमाणपत्र, मू.अ.कर/आयकरमा दर्ता भएको प्रमाणपत्र, आ.व.२०८०/०८१ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि तथा ईच्छुक व्यक्तिले नेपाली नागरिक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी रु.१०००।०० पछि फिर्ता नहुने गरी यस कार्यालयबाट बोलपत्र खरिद गर्न सकिने छ।

२. बोलपत्र फाराम रीतपूर्वक भरी तल उल्लेखित मिति र समय भित्र सिलबन्दी खामको बाहिर पट्टी यस कार्यालयको नाम, सि.नं., बोलपत्र दाताको नाम, ठेगाना, सम्पर्क नम्बर समेत स्पष्ट खुलाई सहिछाप गरी लाहाछाप लगाई सिलबन्दी गरी दर्ता गराई सक्नु पर्नेछ। दर्ता भएका बोलपत्रहरू बोलपत्र दर्ता गर्ने अन्तिम दिनको १:०० बजेको समयमा बोलपत्र दाता/सोको प्रतिनिधिहरूको रोहबरमा कार्यालयमा खोलिने छ। बोलपत्र दाताका प्रतिनिधिहरू उपस्थित नभए पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

३. बोलपत्रको लागि न्युनतम मुल्य रु.११६४७९।०० कायम भएकोले कबोल अंकको १० प्रतिशतले हुन आउने जमानत रकम कोष तथा लेखा नियन्त्रकको कार्यालय, झापाको धरौटी खाता नम्बर २२१०१००१०२०३०००० तथा यस कार्यालयको कोड नम्बर ३०५०४१२०२ मा दाखिला गरी सक्कल बैंक भौचर बोलपत्र साथ संलग्न राखी पेश गर्नुपर्ने छ।

४. आफूले कबोल गरेको रकमको मूल्य (मू.अ.कर बाहेकको रकम) अंक र अक्षरमा दुबैका अनिवार्य रुपमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अंक र अक्षर फरक परेमा अक्षरलाई मान्यता दिईनेछ।

५. बोलपत्र स्वीकृत भएको सूचना पाएको मितिले ७ (सात) दिन भित्र बाँकी रकम दाखिला गरी मालसामान उठाई लैजानु पर्नेछ। म्याद भित्र रकम जम्मा नगरेमा नियमानुसार गरिनेछ।

६. बोलपत्र सम्बन्धी कागजात खरिद गर्नेहरुले सवारी साधन तथा जिन्सी सामानहरू हेर्न चाहेमा कार्यालय समयमा सम्पर्क गरी हेर्न सकिनेछ।

७. बोलपत्र खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्वजनिक बिदा परेमा बिदा पश्चात कार्यालय खुलेको दिन सोही समय अनुसार हुनेछ।

८. यस कार्यालयको नाममा धरौटी खातामा रकम जम्मा गर्ने तर बोलपत्रमा धरौटी रसिद पेश नगर्ने, बोलपत्र फारममा विवरण नभरी धरौटी रसिद संलग्न गरी पेश गर्ने, सूचना प्रकाशन हुनुभन्दा अघिनै धरौटी रकम दाखिला गर्ने तथा बोलपत्र नै पेश नगरी धरौटी रकम माग गर्न आउने व्यक्ति/फर्महरुको धरौटी रकम फिर्ता गर्न कार्यालय बाध्य हुने छैन।

९. म्याद नाघी आएको, रीत नपुगेको र सूचनाको शर्त विपरीत भएका बोलपत्र उपर कुनै कारबाही हुने छैन।

१०. बोलपत्र स्वीकृत भए पश्चात् कबोल अङ्कमा मूल्य अभिवृद्धि कर बापत १३ प्रतिशत थप र अन्य निकायमा कर र शुल्क लाग्ने भए सो बोलपत्रवाला आफैले व्यहोर्नु पर्नेछ।

११. माथि उल्लेखित सवारी साधनहरू दर्ता नहुने (स्क्रयाप) सवारी साधन भएकोले बोलपत्र स्वीकृत भएमा सवारी साधन उठाई लैजादा उक्त सवारी साधनको इन्जिन नम्बर र च्यासिस नम्बर भएको स्थानमा काटेर टुक्रा-टुक्रा पारी लैजानु पर्नेछ।

१२. प्राप्त हुन आएका बोलपत्रहरू कुनै कारण जनाई वा नजनाई, स्वीकृत गर्ने वा नगर्ने, एकमुष्ट वा आंशिक स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

१३. स्वीकृत बोलपत्र दाताले कबोल अङ्कको रकम पुरा बुझाई लिलाम सकार गरी सकेपछि मात्र अन्य बोलपत्र दाताहरुको धरौटी फिर्ता गरिनेछ।

१४. बोलपत्र खरिद गर्ने अन्तिम मिति २०८१/१०/१० गते कार्यालय समय भित्र र बोलपत्र दर्ता गर्ने अन्तिम मिति २०८१/१०/११ दिनको १२ बजे सम्म हुनेछ।

१५. यस सम्बन्धी अन्य थप विषयहरू प्रचलित कानुन बमोजिम हुनेछ।

नेपाल सरकार अर्थ मन्त्रालय आन्तरिक राजस्व विभाग आन्तरिक राजस्व कार्यालय भद्रपुर, झापा

(प्रमुख कर अधिकृत)

प्रमुख कर अधिकृत